लोक सेवा आयोग

अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा), राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको

खुला प्रतियोगितात्मक परीक्षाको लागि

परीक्षा प्रणाली (योजना)

**पाठ्यक्रमको रुपरेखा** :– संयुक्त र एकीकृत परीक्षा प्रणाली **(Integrated & Unified Examination System)** को आधारमा **सबैको लागि** निम्नानुसारको हुनेछ ।

**लिखित परीक्षा (Written Examination)**:– प्रथम चरण **पूर्णाङ्क :– २००**

द्वितीय चरण **पूर्णाङ्क :– ३००**

**अन्तिम परीक्षा (Final Examination)** :– सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता **पूर्णाङ्क :– ७०**

**लिखित परीक्षा योजना (Written Examination Scheme)**

**१. लिखित परीक्षा :- प्रथम चरण (First Phase)**

**तालिका (१)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासनिक अभिरुचि परीक्षण* (Administrative Aptitude Test) | २०० | ८० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | १००प्रश्न x२ अङ्क | १ घण्टा ३०मिनेट |

**२. लिखित परीक्षा :- द्वितीय चरण (Second Phase)**

**तालिका (२)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | शासन प्रणाली (Governance Systems) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न x १०अङ्क | ३ घण्टा |
| तृतीय | समकालीन विषय (Contemporary Issues) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न x १०अङ्क | ३ घण्टा |
| चतुर्थ | ऐच्छिक विषय** (Optional Subject) | १०० | ४० | वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (MCQs) | १००प्रश्न x१ अङ्क | १ घण्टा ३०मिनेट |

**तालिका (३)**

**(नेपाल न्याय सेवाको लागि मात्र थप)**

| पत्र /विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|
| **न्याय थप पत्र :** समसामयिक कानून तथा अभ्यास (Contemporary Law & Practices) | १०० | ४० | विषयगत (Subjective) | ८ प्रश्न X १०अङ्क<br>४ प्रश्न X ५ अङ्क | ३ घण्टा |

**तालिका (४)**

**(नेपाल परराष्ट्र सेवाको लागि मात्र थप)**

| पत्र /विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|
| **Extra Paper I:** अंग्रेजी भाषा (English Language) | १०० | ४० | विषयगत (Subjective) | सम्वन्धित पाठ्यवस्तुमा दिइए अनुसार | ३ घण्टा |
| **Extra Paper II:** परराष्ट्र नीति तथा अन्तर्राष्ट्रिय सम्वन्ध (Foreign Policy & International Relation) | १०० | ४० | विषयगत (Subjective) | १०प्रश्न X १०अङ्क | ३ घण्टा |

## अन्तिम परीक्षाः - सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता (Skill Test, Group Test & Interview)

**तालिका (५)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (Information Technology Skill Test) | २० | प्रयोगात्मक (Practical)# | २५ मिनेट |
| सामूहिक परीक्षण (Group Test) | १० | समूहमा व्यक्तिगत प्रस्तुति (Individual Presentation in Group) | ३० मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Individual Interview) | ४० | मौखिक (Oral) | |
| **जम्मा** | ७० | | |

**तालिका (६)**

***प्रशासनिक अभिरुचि परीक्षण (Administrative Aptitude Test)**

| पत्र/विषय | भाग | विषयवस्तु | अङ्क | पूर्णाङ्क | उतीर्णाङ्क | प्रश्नसंख्या x अङ्क |
|---|---|---|---|---|---|---|
| प्रथम/ प्रशासनिक अभिरुचि परीक्षण (AAT) | (A) | General Awareness | १२० | २०० | ८० | ६० प्रश्न x २ अङ्क |
| | (B) | Aptitude Test | ५० | | | २५ प्रश्न x २ अङ्क |
| | (C) | English Language Competence Test | ३० | | | १५ प्रश्न x २ अङ्क |

**तालिका (७)**

****ऐच्छिक विषयहरुको सूची (List of Optional Papers)**

| S. No. | विषय (Subject) | S. No. | विषय (Subject) | S. No. | विषय (Subject) |
|---|---|---|---|---|---|
| 001 | Account & Finance | 011 | Forestry | 021 | Physics |
| 002 | Agriculture | 012 | Environmental science | 022 | Political Science |
| 003 | Bio-technology | 013 | Geography | 023 | Population studies |
| 004 | Botany | 014 | History | 024 | Psychology |
| 005 | Chemistry | 015 | Journalism & Mass Com. | 025 | Public Administration |
| 006 | Computer Science | 016 | Law | 026 | Sociology & Anthropology |
| 007 | Culture | 017 | Management | 027 | Statistics |
| 008 | Economics | 018 | Mathematics | 028 | Zoology |
| 009 | Education | 019 | Microbiology | | |
| 010 | Engineering*** | 020 | Health science | | |

**तालिका (८)**

**# प्रयोगात्मक परीक्षा योजना (Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | विषयवस्तु शिषक | अङ्क | समय |
|---|---|---|---|---|
| सूचना प्रविधि सीप परीक्षण (IT Skill Test) | २० | Devanagari Typing | ५ अङ्क | ५ मिनेट |
| | | English Typing | ५ अङ्क | ५ मिनेट |
| | | Word processing | ४ अङ्क | १५ मिनेट |
| | | Presentation System | २ अङ्क | |
| | | Electronic Spreadsheet | २ अङ्क | |
| | | Windows basic, Email and Internet | २ अङ्क | |
| जम्मा | | | २० अङ्क | २५ मिनेट |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम रुपरेखा/योजनालाई **संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated & Unified Examination System)** को आधारमा **लिखित परीक्षा** (प्रथम चरण र द्वितीय चरण) तथा **अन्तिम परीक्षा** (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) गरी दुई भागमा विभाजन गरिएको छ ।

२. माथि **तालिका (१)** र **तालिका (२)** मा दिईएको अनुसारको लिखित परीक्षा योजना अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद) सेवाका सबै समुहको लागि अनिवार्य हुनेछ ।

   तर नेपाल न्याय सेवाको लागि **तालिका (३)** अनुसारको अतिरिक्त पत्र/विषय थप समावेश हुनेछ भने नेपाल परराष्ट्र सेवाको लागि **तालिका (४)** अनुसारको अतिरिक्त पत्र/विषयहरु थप समावेश हुनेछन् ।

३. संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा माथि उल्लिखित सेवाका सबै समुहको लागि प्रथम, द्वितीय र तृतीय पत्र/विषयको विषयवस्तु एउटै (Common) र अनिवार्य हुनेछ । तर चतुर्थ पत्र **ऐच्छिक विषय** तालिका (७) मा दिइएका विषयहरु मध्ये कुनै एक विषय मात्र हुनेछ ।

४. चतुर्थ पत्र **ऐच्छिक विषय** तालिका (७) मा दिईएका विषयहरु मध्ये जुनसुकै एक विषय छनौट गर्न सकिनेछ । उम्मेदवारले फाराम भर्दा फाराममा निर्दिष्ट गरिएको ठाउँहरुमा आफूले परीक्षा दिने **ऐच्छिक विषय** अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

५. **नेपाल न्याय सेवा र नेपाल परराष्ट्र सेवा**को लागि दरखास्त दिने हो भने सोको लागि **अतिरिक्त पत्र/विषयहरु** उम्मेदवारले फाराम भर्दा फाराममा निर्दिष्ट गरिएको ठाउँहरुमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

६. उल्लिखित सबै सेवा र अन्तर्गतका समूहको खुला र समावेशी समूहको एउटै (Common) प्रश्नपत्रको माध्यमबाट संयुक्त र एकीकृत परीक्षा सञ्चालन हुनेछ ।

७. लिखित परीक्षामा प्रश्न पत्रहरुको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । तर नेपाल परराष्ट्र सेवाको लागि **तालिका (४)** अनुसारको अतिरिक्त पत्र/विषयहरुको प्रश्न पत्रहरुको माध्यम भाषा अंग्रेजी हुनेछ ।

८. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । तर नेपाल परराष्ट्र सेवाको लागि **तालिका (४)** अनुसारको अतिरिक्त पत्र/विषयहरुको परीक्षाको माध्यम भाषा अंग्रेजी हुनेछ ।

९. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

१०. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन ।

११. विषयगत प्रश्नका लागि तोकिएका १० अङ्कका प्रश्नहरुको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

१२. परीक्षामा सोधिने **प्रश्नसंख्या, अङ्क र अङ्कभार** यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

१३. विषयगत प्रश्न हुने पत्र/विषयका प्रत्येक भाग/खण्ड/एकाइका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक भाग/खण्ड/एकाईका प्रश्नहरुको उत्तर सोहीभाग/खण्ड/एकाईको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

लोक सेवा आयोग

१५. प्रथम चरण (First Phase) को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (Second Phase) को लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

१६. लिखित परीक्षाको प्रथम चरण (First Phase) मा प्राप्त गरेको प्राप्ताङ्कको २० प्रतिशत अङ्क तथा द्वितीय चरण (Second Phase) को प्राप्ताङ्कहरु जोडि कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१७. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम परीक्षा (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) मा सम्मिलित गराइनेछ ।

१८. लिखित परीक्षा र अन्तिम परीक्षा (सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ता) को कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१९. **परीक्षा योजना र पाठ्यक्रम लागू हुने मिति** :– आयोगको मिति २०६९/०६/२५ गतेको निर्णयानुसार यो परीक्षा योजना बमोजिमको पाठ्यक्रम **आ.व.२०७०/०७१ को विज्ञापन देखि** लागू हुनेछ ।

२०. बुँदा १९ मा उल्लिखित परीक्षा योजना बमोजिमको पाठ्यक्रम लागू भएपछि हाल कायम परीक्षा योजना अनुसारको पाठ्यक्रम खारेज हुनेछ ।

<u>**पुनश्चः**</u>

अप्राविधिक (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद) सेवाका सबै समुहको राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदहरुको संयुक्त र एकीकृत परीक्षा प्रणालीको आधारमा तयार गरिएको खुला प्रतियोगितात्मक परीक्षाको नयाँ परीक्षा योजना (Examination Scheme) बमोजिमका विभिन्न पत्र/विषयहरुका सम्बन्धित पाठ्यक्रम केहि समय पश्चात् आयोगको वेबसाइटमा राखिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

लोक सेवा आयोग